# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ } २६०४
४-२६२८०१, ४२५८१२२ } २६०५
४-२६२८९५, ४-२५०३९६ } २६०६
Email: info@supremecourt.gov.np
Email:research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np


पत्र संख्या
च.नं. १३४२६

मिति २०७६।३।३१

श्री उच्च अदालतहरू सबै

श्री उच्च अदालतका अर्को इजलासहरू तथा अस्थायी इजलासहरू सबै

श्री जिल्ला अदालत सबै

श्री राजश्व न्यायाधिकरणहरू सबै

श्री बैदेशिक रोजगार न्यायाधिकरण

श्री श्रम अदालत

श्री प्रशासकिय अदालत

श्री विशेष अदालत।

बिषयः- आर्थिक बर्ष २०७६/०७७ को वार्षिक कार्य योजना निर्माण सम्बन्धमा।

मिति २०७६ साउन १ गतेदेखि लागू हुनेगरी न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/०७७ - २०८०/०८१) सर्वोच्च अदालत पूर्ण बैठकबाट मिति २०७६।०३।१८ मा स्वीकृत भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु। न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्य ४: *"अदालत व्यवस्थापन सुदृढीकरण"* अन्तर्गत *"योजना कार्यान्वयन प्रणालीलाई प्रभावकारी बनाउने"* रणनीतिक उद्देश्य (४.६) ले मूल योजनाको दायराभित्र रही सबै अदालतहरूले आ-आफ्नो वार्षिक कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था गरेको छ। उक्त व्यवस्थाबमोजिम सबै अदालत/न्यायाधिकरणहरुले आर्थिक बर्ष २०७६/०७७ को लागि वार्षिक कार्य योजना तर्जुमा र कार्यान्वयन गर्नका लागि आवश्यक निर्देशनसहितका फारमहरू तयार गरी सर्वोच्च अदालतको वेबसाइटमा *फारामहरू शिर्षकभित्र* र न्यायपालिकाको चौथो रणनीतिक योजनाको विद्युतियप्रति सर्वोच्च अदालतको

# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ } २६०४
४-२६२८०१, ४२५८१२२ } २६०५
४-२६२८९५, ४-२५०३१६ } २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website: www.supremecourt.gov.np


पत्र संख्या
च.नं. १३४५६

वेबसाइटको *"रणनीतिक योजनाहरु"* भन्ने शिर्षकभित्र राखिएको छ। फारमहरूमा दिइएका मार्ग निर्देशनसमेतका आधारमा योजनाले निर्धारण गरेको लक्ष्य र कार्यसम्पादन सूचकबमोजिम सम्बन्धित अदालतले आफ्नो वार्षिक कार्य योजना तयार गरी २०७६ साल श्रावण १५ गते भित्र सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखाको इमेल research@supremecourt.gov.np मा प्राप्त हुने गरी पठाउनु हुन योजना तथा अनुसन्धान समितिको मिति २०७६/३/१९ गतेको बैठकबाट भएको निर्णयबमोजिम यो पत्राचार गरिएको छ। अत: पत्र प्राप्त भएपछि देहायबमोजिमको प्रक्रिया पूरा गरी आ-आफ्नो अदालतको वार्षिक कार्य योजना तर्जूमा गरी सर्वोच्च अदालतमा पठाउनु हुन निर्णयानुसार अनुरोध गर्दछु।

देहाय:-

१. वार्षिक कार्य योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न उच्च अदालत नियमावली, २०७३ को नियम १६६क. र जिल्ला अदालत नियमावलीको नियम ९९ बमोजिमको योजना तर्जुमा तथा कार्यान्वयन समिति गठन भएकै होला। त्यस्तो समिति गठन नभएको भए तत्काल समिति गठन गरी कार्यदिश बमोजिमका काम कारवाही अगाडि बढाउनुहोला।

२. मूल योजनाको दायराभित्र रही वार्षिक कार्य योजना तर्जूमाको लागि बुँदा नं. १ बमोजिमको समिति गठन भएको भए उक्त समितिका अध्यक्ष माननीय न्यायाधीशको संयोजकत्वमा सबै तहका कर्मचारीहरूको सहभागितामा वार्षिक कार्य योजना तर्जूमा प्रयोजनका लागि कार्य समूह गठन गरी र उक्त समिति गठन नभएको भए छुट्टै कार्य समूह गठन गरी गत आर्थिक बर्षको कार्य योजनाको समीक्षा र यस आर्थिक बर्षको वार्षिक तथा मासिक लक्ष्य समेत निर्धारण गरी वार्षिक कार्य योजना तर्जुमा गर्नुहोला।

३. मूल योजनाको परिच्छेद ६ अर्न्तगतको रणनीतिक उद्देश्य १.१(क) र १.५ को आधारमा जिल्ला अदालतहरूले मुद्दा तथा फैसला कार्यान्वयनको वार्षिक लक्ष्य निर्धारण गर्ने तथा १.१(ग) को आधारमा उच्च अदालहरुले र १.१.(च) को आधारमा न्यायाधिकरणहरूले मुद्दा फछ्यौंटको वार्षिक

# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ / ४-२६२८०१, ४२५८१२२ / ४-२६२८९५, ४-२५०३९६ — २६०४ / २६०५ / २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np


पत्र संख्या
च.नं. १३४५६

लक्ष्य निर्धारण गरी सोको आधारमा मासिक लक्ष्य निर्धारण गर्नुहोला। वार्षिक तथा मासिक लक्ष्य निर्धारण सम्बन्धी फारामहरु छुट्टै एक्सेल फाइलमा यसै पत्र साथ पठाइएको छ।

४. वार्षिक कार्य योजना तर्जुमा गर्दा प्रारम्भिक खण्ड, समीक्षा खण्ड, वार्षिक तथा मासिक लक्ष्य निर्धारण, लक्ष्य प्राप्तिका लागि सञ्चालन गर्नुपर्ने रणनीतिक कार्यक्रमहरूको कार्यान्वयन योजना र सोको लागि आवश्यक बजेट प्रक्षेपण गरी मूल योजनाको ढाँचामा वार्षिक कार्य योजना तर्जुमा गर्नुहोला।

५. रणनीतिक कार्यक्रमहरुको कार्यान्वयन योजना तयार गर्दा मूल योजनाको परिच्छेद ६ अन्तर्गत "लक्ष्य तथा रणनीतिक उद्देश्यहरुको कार्यान्वयन योजना" मा समावेश भएका रणनीतिक क्रियाकलापहरु मध्ये सम्बन्धित तहको अदालत/न्यायाधिकरणसँग सम्बन्धित क्रियाकलापहरु र तहाँ अदालतले पहिचान गरेका रणनीतिक क्रियाकलापहरु समावेश गरी मूल योजनामा प्रयोग गरिएको ढाँचा बमोजिम हुने गरी कार्यान्वयन योजना तयार गरी कार्यान्वयन गर्नुहोला। कार्यान्वयन योजनाको फारामको नमूना ढाँचा छुट्टै एक्सेल फाइलमा समावेश गरी यसै पत्रसाथ पठाइएको छ।

६. अदालतको वार्षिक तथा मासिक लक्ष्यलाई समग्र लक्ष्य मानी सोका आधारमा मुद्दा फछ्र्यौटको न्यायाधीशगत, इजलासगत लक्ष्य निर्धारण गर्नुहोला।

७. गत आर्थिक वर्षको समीक्षा गर्दा राखिएको लक्ष्य र उपलब्धिको प्रगति समीक्षा गरी लक्ष्य पुरा हुन नसकेको अवस्थामा सोको कारणहरू उल्लेख गर्नुहोला।

८. वार्षिक कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरी न्यायाधीश तथा कर्मचारीको बीचमा छलफल गराई अन्तिम रूप दिई सम्वन्धित अदालतको पूर्ण वैठकवाट अनुमोदन गराई soft copy सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखाको इमेल research@supremecourt.gov.np र Hard copy सर्वोच्च अदालत, अनुसन्धान तथा योजना महाशाखा पठाउनुहोला।

# सर्वोच्च अदालत
## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खासमा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ २६०४
४-२६२८०१, ४२५८१२२ २६०५
४-२६२८९५, ४-२५०३१६ २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np


पत्र संख्या
च.नं. १३४२८

९. वार्षिक कार्य योजनाको कार्यान्वयन सम्बन्धमा मूल योजना र सम्बन्धित अदालतको कार्य योजनाले निर्धारण गरेबमोजिम मासिक तथा आवधिक समीक्षा गरी अनिवार्य रूपमा सोको प्रतिवेदन सर्वोच्च अदालत, योजना तथा अनुसन्धान महाशाखाको ईमेल मार्फत पठाउनुहोला।

१०. कार्य योजनामा अदालतको पूर्वाधार सुधार सम्बन्धी कार्यक्रम तयार गर्दा मूल योजनाको लक्ष्य ४ अन्तर्गतको रणनीतिक उद्देश्य ४.२ र ४.३ समेतलाई आधार मानी यस आ.व. मा विनियोजित बजेटको परिधिभित्र रही आवश्यक कार्यक्रमहरू तय गर्ने र आर्थिक वर्ष २०७७/०७८ को लागि त्यस प्रकारका कार्यक्रमहरु तय गर्दा अनुमानित लागत समेतको बजेट तयार गरी २०७६ मंसिर मसान्तभित्र सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखामा आइपुग्ने गरी पठाउनुहोला।

११. कार्य योजना तर्जुमा, गत आर्थिक बर्षको समीक्षा र वार्षिक तथा मासिक लक्ष्य निर्धारण गर्दा कुनै द्विविधा परेमा अनुसन्धान तथा योजना महाशाखाको फोन नं. ०१-४२००७२२ मा सम्पर्क गर्नुहोला।

भद्रकाली पोखरेल
सह रजिष्ट्रार
अनुसन्धान तथा योजना महाशाखा